

# ११ अझ बढि चाहना

*<u>यस अध्यायका मूल पदहरू:</u>* १ कोरन्थी १०:१-११, लेबी ४:३२-३५, यूहन्ना १:२९, हिब्रू ४:१-११ र भजन ९५:८-११।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"हाम्रा निम्ति उदाहरणहरू हुन सकोस् भनेर ती सबै कुराहरू भए ताकि तिनीहरूका जस्तो दुष्टयाईंहरू हामीले चाहना गर्नुनपरोस्" (१ कोरन्थी १०:६ रूपान्तरित।**

अमेरिकाको न्यु योर्क राज्यमा एउटा कला म्युजियम वा सङ्ग्रहालय छ। त्यहाँ विश्वको गगन चुम्बी भवनहरूको ठूलो नमुना राखिएको छ। त्यहाँ न्यु योर्क सहरमा भएका सबै भवनहरूको नमुना छ।१:१,२००को स्केलमा (जसमा २.५ सेन्टिमिटर वा एक इन्च बराबर १०० फिट वा ३३ मिटरको नापमा) राखिएको भवनहरूको नमुनाले ८७० वर्ग मिटर वा ९३३५ वर्ष फुटले ठाउँ ओगोटेको छ। १०० जना कालिगढहरू लगाएर बनेको यो सुरुको नमुना १९६४मा सिद्धिएको थियो। तिनीहरू तीन वर्षभन्दा बढि लगाएर मेहनत गरेर त्यो बनाउने योजना सकिएको थियो। सन १९९०मा फेरि आधुनिकरण गरिएको थियो। तर २०२१को न्यु योर्क सहरको नमुना त्यहाँ छैन। तर जेभएतापनि त्यस बास्तुकलाले वास्तविक सहरलाई देखाउने सानोतिनो र विस्तृत विवरण अत्यन्तै अचम्म लाग्दो गरेर चित्रण गरिएको छ।

तर अन्तमा आएर त्यो केवल प्रतिलिपीमात्र हो। कुनै ठूलो, महान, गहिरो र अझ बढि जटिल निर्माणहरूको केवल नमुनामात्रै हो।

सबै नमुनाहरू खास गरेर त्यस्तै हुन्छ। तिनीहरू वास्तविक होइन तर वास्तविकको नमुना वा चिन्ह वा प्रतिकको रूपमा देखाउँदछन्। नमुनाले वास्तविकको महत्त्वपूर्ण पक्षहरू देखाउन सहयोग गर्दछ। तर नमुनाले वास्तविक बस्तुको स्थान लिन सक्दैन। तर वास्तविक के हो सो मानिसहरूलाई बुझाउन त्यस्तो नमुना रहेको हुन्छ।

बाइबलमा पनि विभिन्न क्रियाकलाप र संस्थाहरूका नमुनाहरूले भरिएका छन्। स्वर्गमा भएका ठूलो र वास्तविकतालाई नमुनाहरूबाट औंल्याउँछन्। हिब्रू ४ले स्वर्गमा भएको मूल वा मौलिक बास्तविकहरूमा एक वास्तविकतालाई पत्ता लगाउन हामीलाई सहयोग गर्दछ। यो बाइबलमा देखाइएको विश्रामसँग सम्बधित छ।

## १. मोशामा बप्तिस्मा लिएका

१ कोरन्थी १०:१-१३ पढ्नुहोस्। जब पावलले "उदाहरण वा नमुनाहरू" भनेर सम्बोधन गरे कोरन्थीका आफ्ना पाठकहरूलाई कसलाई औंल्याएका थिए? हेर्नहोस्, "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ७ तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, “मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।” ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। १२ यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ। १३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"

१ कोरन्थी १०:६ र ११मा "उदाहरण" भनेर ग्रीक भाषाबाट अनुवाद गरिएको हो। तर ग्रीक भाषामा त्यसको अर्थ टाइप वा प्रतिक हो। यो

ग्रीक भाषाको नाम हो। प्रतिकको अर्थ कहिल्यै पनि वास्तविक वा सक्कल होइन तर सक्कल वा वास्तविकताको चिन्ह वा प्रतिक हो। त्यसले सक्कल कस्तो छ भनेर देखाउँछमात्रै। नक्कल वा नमुना वा प्रतिकले अर्कै बास्तविक वा सक्कल कस्तो छ भनेर बुझाउन खोज्दछ।

हिब्रू ८:५ले यस किसिमको सम्बन्धलाई बुझाउने एक असल उदारण होः "तिनीहरू (वा पुरानो करारका पुजारीहरू जसले पवित्रस्थानमा विधिपूर्वक सेवा गर्छन्) स्वर्गका बस्तुहरूको प्रतिलिपी वा नक्कल र छायाँमात्र भएर देखाएको छ। जब मोशाले पवित्रबासस्थानको निर्माण गर्न लागेका थिए त्यसबेला परमेश्वरले उनलाई भन्नुभएको थियो 'तिमीलाई पहाडमा देखाइएको नमुना जस्तै प्रत्येक थोक बनाउन हेर्नु'" (रूपान्तरित)

**हिब्रूको पुस्तकमा** उल्लेख गरिएको अंशमा स्वर्ग र पृथ्वीको पवित्रस्थानसँग सिधै सम्पर्क भएको देखाउँछ। यसैमा पावलले प्रस्थान २५:९लाई उद्धृत गर्दछन् "तिमीलाई देखाइएको नमुना अनुसार" जुन मोशाले पहाडमा देखेका थिए। त्यसको अर्थ यो हो कि पृथ्वीमा भएका सबै विधिविधान र रितिहरू स्वर्गको पवित्रस्थानमा के भइरहेको छ तिनीहरूलाई नमुना वा प्रतिकको रूपमा उदाहरणहरू हुन् भनेर मान्नुपर्दछ। जसरी पृथ्वीको पवित्रस्थानमा मूल पुजारी थिए त्यसरी नै स्वर्गको पवित्रस्थानमा येशू ख्रीष्ट हाम्रो मूल पुजारी भएर सेवाकार्य गर्नुहुन्छ।

**ती कुराहरू**लाई मनमा राख्न सक्यो भने १ कोरन्थी १०मा पावलले के बुझाउन खोजेका थिए सो हामी बुझ्न सक्छौं। यस अध्यायमा परमेश्वरका जनहरू प्रतिज्ञा गरिएको देशमा यात्रा गर्ने दौरानमा तिनीहरूले के के भोगे भनेर केही मूल घट्नाहरू पावलले उल्लेख गर्दछन्। "हाम्रा पूर्खाहरू" भनेर सम्बोधन गरिँदा यहूदी पूर्खाहरू हुन् जो मिश्रदेशबाट निस्केका थिए। तिनीहरू परमेश्वरको बादलमुनि थिए, लाल सागर तरेका थिए र यसरी सबै जना दासत्वबाट स्वतन्त्रताको जीवन बिताउन बप्तिस्मा लिएका थिए।

इस्राएलीहरूले आफ्नो यात्राको दौरानमा मरुभूमिमा जे जे अनुभव गरे त्यो सबै व्यक्तिगत इस्राएलीको निम्ति बप्तिस्माको प्रतिक वा नमुना थियो भनेर पावलले औँल्याउँछन्। पावलको तर्कमा हामी जाने हो भने उनले "आत्मिक खुराक" भनेका थिए जसले मन्नालाई औँल्याउँछ (प्रस्थान १६:३१-३५) जुन परमेश्वरले इस्राएलीहरूलाई दिनदिनै उपलब्ध गराउनुभएको थियो। इस्राएलीहरूले चट्टानबाट पिए भनेको छ भने त्यो चट्टान येशू हुनुहुन्छ भनेर पावलले पहिचान गर्दछन् (१ कोरन्थी १०:४) येशू ख्रीष्ट "जीवनको रोटी"

हुनुहुन्छ (यूहन्ना ६:४८) र उहाँ "जीवित पानी हुनुहुन्छ (यूहन्ना ४:१०)। इस्राएलीहरूले गरेका अनुभवहरूसँग हाम्रो क्रियाकलाप र येशूलाई तुलना गर्दा सबै प्रतिकहरू मनासिव भएको देखिन्छ। पुरानो करारको इतिहासलाई प्रकट गरेर वा औँल्याएर आजको प्रत्येक येशूभक्तलाई आत्मिक सत्यताहरूलाई प्रयोगमा ल्याउन सकिन्छ भनेर पावलको जिकिर छ। इस्राएलीहरूले जे जे भोगे वा मरुभूमिमा जे जे भए ती सबै हाम्रा निम्ति उदाहरण वा नमुना हुन् भनेर स्वीकार्नु जरुरी छ।

**प्रस्थानमा उल्लेखित इस्राएलीहरूको अनुभवको समिक्षा गर्नुहोस्। तिनीहरूको उदाहरहरूबाट हामीले के पाठहरू सिक्न सक्छौं, चाहे असल होस् वा खराब होस्?**

## २. बलिप्रथा र पवित्रस्थानमा गरिने विभिन्न विधि तथा प्रथाहरू

पुरानो करारको लेबीहरूको पुस्तकमा विभिन्न भेटी, बलिप्रथा र अरू प्रथा वा विधिहरू उल्लेख गरिएका छन् जसले नयाँ करारमा भएका सत्यहरूको प्रतिक र उदाहरणहरू हुन् भनेर अघिल्लो बुँदामा हामीले हेऱ्यौं। कतिपय इसाईहरूले ती पुरानो करारकोमात्र हुन् हामीसँग अहिले सरोकार छैन भने त्यसलाई पढ्न वा त्यसप्रति ध्यान दिन पन्छाउँछन्। तर तिनीहरूलाई केलाएर अध्ययन गर्दा तिनीहरूमा ठूलो आत्मिक मूल्यमान्यता र सत्यताहरूले भरिएको हामी पाउन सक्छौं।

**इस्राएलीहरूले पाप गर्दा कस्तो पापभेटी नियमितरूपमा ल्याउन पर्छ भनेर लेबी ४:३२-३५मा लेखिएको पढ्नुहोस्। त्यस प्रथाबाट हामी के सिक्न सक्छौं? अहिले हाम्रा पापहरूका भेटी वा बलिहरू चढाउने मन्दिर वा पवित्रस्थान छैन। ती बलिप्रथा वा भेटी दिने चलनलाई यूहन्ना १:२ र १ पत्रुस १:१८-२१सँग कसरी गाँस्न सकिन्छ? हेर्नुहोस्, लेबी ४:२७-३५ "२७ " 'यदि समुदायका मानिसहरूमध्ये कसैले अजानमा पाप गर्छ र परमप्रभुले मनाई गर्नुभएका कुराहरूमध्ये कुनै कुरो गर्छ भने, त्यो दोषी हुन्छ। २८ त्यसले गरेको त्यो पाप त्यसलाई प्रकट हुँदा, आफूले गरेको पापको निम्ति आफ्नो भेटी स्वरूप निष्खोट बाख्री त्यसले ल्याउनुपर्छ। २९ त्यसले पापबलिको टाउकोमा आफ्नो हात राखोस्, र होमबलिको ठाउँमा त्यो पापबलि मारोस्। ३० त्यसपछि पूजाहारीले आफ्नो औंलाले पापबलिको रगतबाट केही लिएर होमबलिको वेदीका सीङहरूमा लगाऊन्, र त्यसको बाँकी रगत वेदीको आधारमा खन्याऊन्। ३१ त्यसको सबै बोसो मेलबलिका बलिदानको बोसोझैं त्यसले झिकोस्, अनि**

पूजाहारीले परमप्रभुको निम्ति मीठो बास्ना हुनलाई त्यो वेदीमा जलाऊन्। यसरी पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यसलाई क्षमा हुनेछ। ३२ “ ‘यदि त्यसले पापबलिको निम्ति भेड़ाका बच्चा आफ्नो भेटी स्वरूप ल्यायो भने निष्खोट पाठी ल्याओस्। ३३ त्यसले पापबलिको टाउकोमा आफ्नो हात राखोस्, र जहाँ होमबलिको पशु मारिन्छ, त्यहीँ नै पापबलिको निम्ति त्यसलाई मारोस्। ३४ त्यसपछि पूजाहारीले आफ्नो औँलाले पापबलिको रगतबाट केही लिएर होमबलिको वेदीका सीङहरूमा लगाऊन्, र त्यसको बाँकी रगतचाहिँ वेदीको आधारमा खन्याऊन्। ३५ त्यसको सबै बोसो मेलबलिका पाठाको बोसोझैं त्यसले झिकोस्, र पूजाहारीले त्यो परमप्रभुको निम्ति अग्नि-होममाथि वेदीमा जलाऊन्। यसरी त्यसले गरेको पापको निम्ति पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यसलाई क्षमा हुनेछ’।” , यूहन्ना १:२९ "भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, “हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!" र १ पत्रुस १:१७-२१ "१७ पनपक्ष वा पक्षपात नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौ भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। १८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्।"

कुनै पनि महत्त्वपूर्ण अर्थात् मूल्यवान र सन्देशलाई उत्तम वा व्यवस्थितरूपमा प्रसारण गर्न रितिथिति वा विधिहरू अपनाइन्छ। तिनीहरू कुन सन्दर्भमा दिइयो सो बुझ्नु आवश्यक छ। विधिहरूको प्रभावकारितालाई बुझ्न कुन समयमा तिनीहरू दिइयो, कुन स्थानमा दिइयो र तिनीहरूले पछिको कुराहरूलाई कसरी औँल्याउँछन् भन्ने कुराको ख्याल राख्नु जरुरी छ। जब बाइबलको पुरानो करारमा उल्लेख गरिएका परमेश्वरका विभिन्न आदेशहरूलाई हामी केलाएर पढ्छौं तब के भेटी वा बलि चढाउनुपर्छ, कहिले, कहाँ र के विधिहरू अपनाउनुपर्छ भन्ने विषयमा परमेश्वरले नै विशेष बिस्तृत विवरण किन दिनुभएको सो हामी बुझ्न सक्दछौं।

ती सबै विधिहरूको केन्द्रविन्दु रगत हो। यसलाई पोखाउनु र छर्नुपर्ने विधि त्यस्तो रमाइलो कुरो होइन न त हुनुनै पर्छ। यस जगतको सबभन्दा खराब तत्व पापसँग रगत मुछिएकोले त्यो कदापि रमाइलो मान्ने कुरो होइन। रगतले ठ्याक्कै के भूमिका खेल्दछ, वेदीका सिङहरूमा रगत किन लगाउनुपर्छ? पवित्रस्थानमा गरिने विभिन्न विधि वा प्रथाहरू कसरी गर्ने भनेर दिएतापनि किन गरिन्छ भन्ने व्याख्या सबैमा छैन। हुनसक्छ इस्राएलका जनताले रगतको महत्त्व र अर्थ के छ सो तिनीहरूले बुझिसकेको हुनुपर्छ ("किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ। मैले रगतचाहिँ वेदीमा तिमीहरूको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्वारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ" लेबी १७:११)।

जुन उदाहरण लेबी ४:३२-३५बाट लिइएको थियो, त्यसबाट लेबी ४:३५मा महत्त्वपूर्ण व्याख्या गरिएको पाउँछौंः "त्यसको सबै बोसो मेलबलिका पाठाको बोसोझैं त्यसले झिकोस्, र पूजाहारीले त्यो परमप्रभुको निम्ति अग्नि-होममाथि वेदीमा जलाऊन्। यसरी त्यसले गरेको पापको निम्ति पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यसलाई क्षमा हुनेछ'।" त्यसकारण सबै प्रायश्चित वा पापको क्षमाको प्रक्रियामा रगतको भूमिका मूल छ। रगतैद्वारा पापीहरू पवित्र परमेश्वरसँग निर्दोष वा ठीक ठहर्न सक्छन्। इस्राएलको पवित्रमन्दिरमा गरिने सबै बलि वा भेटी प्रथा र रितिथितिहरू सबै हाम्रो निम्ति ख्रीष्टको मरण र सेवाकार्यका प्रतिक वा नमुना वा नक्कलहरूमात्र हुन्। ती सबै प्रथाहरूको सक्कल येशू ख्रीष्ट हुनुहुन्छ।

**पाप भन्ने तत्व कस्तो असाध्यै खराब रहेछ जसले गर्दा त्रीएक परमेश्वरको एकले हाम्रो निम्ति त्याग गर्नुभयो र बलि हुनुभयो। हामी कुनै असल काम, धर्मकर्म आदिमा कहिल्यै होइन तर परमेश्वरको अनुग्रहमा भरपर्नुपर्छ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ? येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसमा हामी के थप्न सक्छौं र?**

## ३. विश्रामको "उदाहरण"

हामीले पवित्रस्थानमा गरिने विभिन्न विधिहरूलाई विभिन्न प्रतिक र चिन्हहरूका उदाहरणहरू हेऱ्यौं। ती उदाहरणहरूलाई बाइबलमा दिएको विश्रामको अवधारणालाई पनि प्रयोग गर्न सक्छौं। यसको वास्तविकतालाई थाहा पाउन हामी नयाँ करारको हिब्रूको पुस्तकतिर फर्किनुपर्छ।

बिश्रामको प्रतिज्ञा त बाँकि नै छ भनेर पावलले हिब्रू ४:१-११मा खुलासा गरेका छन्। त्यो कस्तो खालको बिश्राम हो? परमेश्वरले दिनुहुने बिश्राममा पस्न र त्यसको उपभोग गर्न प्रस्थानको पुस्तकमा लेखिएको इस्राएलीहरूको अनुभव र तिनीहरूको उजाड स्थानको यात्रालाई बुझ्न सक्यौं भने त्यो बिश्रामको बारेमा बुझ्न थप सहायता गर्दछ। हेर्नुहोस्, "१ यसकारण परमेश्वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्। २ किनकि हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्। ३ किनकि हामी विश्वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए। ४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, "परमेश्वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।" ५ र फेरि यसै खण्डमा उहाँले भन्नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।" ६ कसै-कसैलाई प्रवेश गर्न अझै बाँकी नै छ, र तिनीहरू, जसलाई अघिअघि सुसमाचार प्रचार गरिएको थियो, तिनीहरू आफ्ना अनाज्ञाकारिताले गर्दा पस्न सकेनन्। ७ फेरि परमेश्वरले "आज" भनी एक दिन ठहराउनुभएको छ, जब उहाँले धेरै समयपछि दाऊदद्वारा अघि भनिएकै कुरा फेरि भन्नुभयो, "आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने तिमीहरूका हृदय कठोर नपार।" ८ किनकि यहोशूले तिनीहरूलाई विश्राम दिएका भए त परमेश्वरले पछिबाट अर्को दिनको विषयमा भन्नुहुनेथिएन। ९ यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। ११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।"

लगनशील र विश्वास भन्ने विषय माथि लेखिएको पावलको भनाइ धेरै महत्त्वपूर्ण छ। निःसन्देह पावलले हप्ताको सातौं दिन साबथको विश्रामको बारेमा पनि चर्चा गरिरहेका थिए (हिब्रू ३:७-१९ पढ्नुहोस्) तर यहाँ पावलले परमेश्वरका जनहरूलाई विश्वाससाथ लगनशील भएर अघि बढ भनिएको छ जसको अर्थ परमेश्वर र सुसमाचारप्रति निष्ठावान भएर बस्नु हो।

विगतमा परमेश्वरको अगुवाइका पाठहरूबाट गम्भिर भएर सिक्नुपर्छ भनेर पाठकहरूलाई माथिका अंशहरूले याद दिलाउँछ, "त्यसकारण कि कोही पनि त्यस्तै खालका अट्टेरी वा अनाज्ञाकारी भएर पतनको धरापमा नपरोस्" (हिब्रू ४:११ रूपान्तरित)। त्यसको अर्थ यो नै मौका हो, अवसर हो, यसलाई ध्यान देऊ! इस्राएलीहरूले सुसमाचार सुनेका नै थिए तर सुनेको भरमा तिनीहरूलाई केही फाइदा भएन भनेर लेखकले आफ्नो भनाइ अघि बढाउँछन्। परमेश्वरको वचन सुनेर तिनीहरूको विश्वास र परमेश्वरमा भरोसा राखेर बलियो भएर उहाँका आज्ञाहरू मान्नुको सट्टा तिनीहरू अट्टेरी र विद्रोही हुने बाटो रोजे (हिब्रू ३:७-१५सँग तुलना गर्नुहोस्), जसको फलस्वरुप मिश्रदेशबाट निस्किआएका पहिलो पुस्ताले तिनीहरूलाई परमेश्वरले दिन चाहने विश्रामको कहिल्यै पनि न त उपभोग गर्न पाए न त तिनीहरू पस्न नै सके।

विश्वास र विश्रामसँग कस्तो घनिष्ट सम्बन्ध छ भनेर हिब्रू ४:३ले प्रष्ट पार्दछ। हामीलाई विश्राम दिन्छु भन्नुहुनेलाई विश्वास गर्न सक्यौं र उहाँमाथि भरोसा राख्न सकयौं भनेमात्र उहाँको विश्राममा हामी पस्न सक्छौं। यथार्थमा वर्तमान परिप्रेक्षमा त्यो विश्राम प्रभु येशू आफै हुनुहुन्छ। (अर्थात् उहाँमाथि विश्वास र भरोसा नराख्नेहरूले येशूमा पाउने सही विश्राम के हो र उहाँ को हुनुहुन्छ भन्ने कुराको उपभोग गर्न सक्दैन-अनुवादक)।

**हिब्रू ४:३ फेरि नियालेर पढ्नुहोस्। यहाँ इस्राएलीहरूको मूख्य समस्या के थियो। त्यसबाट हामीले के शिक्षा पाउन सक्छौं? तिनीहरूलाईमात्र होइन हामीलाई पनि सुसमाचार प्रचार गरिएको परिप्रेक्षमा** (हिब्रू ४:२)? हेर्नुहोस्, **"किनकि हामी विश्वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए।"**

सुरुका येशूभक्त समूदायले पहिला प्रकट गरिएका सन्देशहरूलाई स्वीकार गरेको थियो, जसलाई हामी अहिले पुरानो करार भन्दछौं र तिनीहरूका पापहरूका निम्ति बलि हुनुभएको येशू ख्रीष्ट परमेश्वरको थुमा हुनुहुन्छ भनेर विश्वास गरेको थियो। त्यस बलिमा विश्वास राखेर तिनीहरूले येशूमा पाउने मुक्तिको अनुभव गर्न सकेका थिए र विश्राम पनि पाएका थिए जुन हामीलाई पनि येशूमा उपलब्ध गराइएको छ।

येशूको रगतद्वारा हामी मुक्ति पाउँछौं भन्ने अवधारणालाई बुझ्न सक्यौं भने येशूमा पाइने विश्रामको उपभोग गर्न सक्छौं। यसले हामी हाम्रो काम वा धर्मकर्मले होइन तर अनुग्रहबाट मुक्ति पाउँछौं भन्ने अवधारणालाई कसरी बुझ्ने?

## ४. तिमीहरूका हृदयहरूलाई कठोर नपार

दुवै हिब्रू ४:४-७ र भजन ९५:८-११ पढ्नुहोस्। यहाँ दुवै अंशहरूमा के चेतावनी दिएको छ र जसबाट अहिले पनि हामीलाई के भन्न खोजिरहेको छ सो जान्न सकौं? हेर्नुहोस्, "४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, "परमेश्वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।" ५ र फेरि यसै खण्डमा उहाँले भन्नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।" ६ कसै-कसैलाई प्रवेश गर्न अझै बाँकी नै छ, र तिनीहरू, जसलाई अघिअघि सुसमाचार प्रचार गरिएको थियो, तिनीहरू आफ्ना अनाज्ञाकारिताले गर्दा पस्न सकेनन्। ७ फेरि परमेश्वरले "आज" भनी एक दिन ठहराउनुभएको छ, जब उहाँले धेरै समयपछि दाऊदद्वारा अघि भनिएकै कुरा फेरि भन्नुभयो, "आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने तिमीहरूका हृदय कठोर नपार।" (हिब्रू ४:४-७) र "८ तिमीहरूले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार, जस्तो तिमीहरूले त्यस दिन मरुभूमिमा भएको मस्साहमा गरेका थियौ, ९ जहाँ मैले गरेका काम तिमीहरूका पूर्वजहरूले देखेका भए तापनि तिनीहरूले मलाई जाँच गरे र मेरो परीक्षा गरे। १० चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित भएँ, र मैले भनें, "यी त्यस्ता मानिस हुन्, जसका हृदय बरालिएर जान्छन्, र तिनीहरूले मेरा मार्ग चिनेका छैनन्।" ११ यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्" (भजनसंग्रह ९५:८-११)।

सृष्टिको लेखासहित समावेश गरेर इस्राएलीहरू कस्ता अट्टेरी र विश्वासघात गरे जसले गर्दा परमेश्वरले साँची राख्नु भएको र उहाँले तिनीहरूलाई दिनुहुने विश्राममा पस्न तिनीहरू असफल भए भनेर भजन ९५:११लाई उतार्दै हिब्रू ४:४-७ले बताउँदछ।

वास्तवमा भजन ९५:८-११मा इस्राएलीहरूको उजाडस्थानको अनुभवलाई परमेश्वरको विश्रामसँग गाँसिएको छ साथै तिनीहरू विश्वासमा कमजोर हुँदा उहाँको विश्राममा तिनीहरू पस्न पाउनेछैन भनेर उहाँले सपथ खानुभएको थियो। त्यो विश्राम थियो तिनीहरूलाई दिइने प्रतिज्ञा गरिएको भूमि।

हुन त, इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा पसे तर नयाँ पुस्ताले परमेश्वरको सहायताले सिमाना नाघेका थियो। तिनीहरूले त्यस देशका बलिया किल्लाहरूलाई कब्वा गरेर त्यस देशमा तिनीहरू बसोबास गरेका थिए।

तिनीहरूले देश त पाए तर तिनीहरूले परमेश्वरको विश्राममै पस्न पाएनन्। येशू ख्रीष्टमा पाइने मुक्तिको वास्तविकताको अनुभव धेरैले गर्न पाएनन् किनभने तिनीहरूमा विश्वासको कम थियो जुन बारम्बार तिनीहरू अट्टेरी र परमेश्वरका आज्ञाहरू उलङ्घन गरेर देखाएका थिए। विश्रामलाई भूमिसँग गाँसिएतापनि सही र पक्का विश्राम भनेको मानिसहरू आरामसाथ बस्नुमात्र थिएन।

**परमेश्वरको आज्ञा पालन नगर्दा परमेश्वरको वचन सुन्नेहरूले पनि उहाँले दिन चाहनुभएको सही वा सत्य विश्राम इस्राएलीहरू पस्न पाएनन् भनेर हिब्रू ८:६मा खुलासा गरिएको छ। परमेश्वरको वचन नसुन्न वा उहाँको आज्ञा पालन नगर्ने र उहाँको विश्राममा पस्न नसक्नेको बीचमा के सम्बन्ध छ?**

"आज" भनेर सम्बोधन गरिँदा जरुरी भनेर व्यक्त गरिन्छ। "आज" भन्दा अब समय खेर फाल्नु हुन्न वा बरवाद गरेर बस्नु हुन्न भन्ने बुझ्नुपर्छ। "आज" भन्दा हाम्रो प्रत्युत्तर र निर्णयलाई अपेक्षा गरिएको छ भनेर हामीले बुझ्नुपर्छ।

पावलले *सिमरोन semeron* भन्ने ग्रीक शब्दलाई लिन्छन्। यस शब्द "आज" भन्ने अर्थले कतिको महत्त्व छ भनेर देखाउँछ। पावलले विश्रामको सन्दर्भमा लिएका छन्। भजन ९५:७,८मा चेतावनीको साथै परमेश्वरका जनहरू तिनीहरूका पूर्खाहरूले गरेका जस्तो भुल नगर्नु जसले गर्दा परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिमा पसेर सत्य विश्राममा पस्न पनि असफल नहोस्। यो चेतावनी र आह्वान हामीहरूलाई पनि हो।

**बर्तमान परिप्रेक्षमा नै हामीलाई दिएका ती शब्दहरू सुन्दा हाम्रो निम्ति के अर्थ छ जसमा भनिएको छ, "यदि आज नै तिमीहरूले उहाँको आवाज सुन्दाः 'तिमीहरूका हृदयहरू कठोर नबानाउनु'"? भजनको लेखकले हजारौं वर्ष पहिले त्यो आह्वान गरेका थिए। यद्यपि, त्यही आह्वान हाम्रो निम्ति पनि किन महत्त्वपूर्ण छ? हजारौं वर्ष पहिले उच्चारण गरिएतापनि त्यो समयसापेक्षित आह्वान हो भनेर हामीले बुझ्नु जरुरी किन छ?**

## ५. स्वर्गको सहर जित्न

हिब्रू ४मा उल्लेखित मूख्य धारणाहरूको  तर्कसम्मत विकास कसरी भयो भनेर  हिब्रू ४:८-११ पढ्दा विशेष प्रमाण सहित बुझ्न सकिन्छ। यहोशूले इस्राएललाई विश्राम दिएनन्। त्यसकारण परमेश्वरले झुठो नबोल्ने हुनुभएकोले परमेश्वरका जनहरूलाई अर्को विश्राम बाँकि हुनैपर्छ। परमेश्वरले दिनुहुने विश्राम केवल यहूदी विश्वासी समूहलाईमात्र जोगाइ राख्नुभएको छैन। तर ती सबै मानिसहरूले त्यो विश्रामको उपभोग गर्न पाउँछन् जसले येशू ख्रीष्टलाई तिनीहरूको मुक्तिदाता भनेर ग्रहण गर्छन्।

**गलाती ३:२६-२९मा इसाई जगतको निम्ति अत्यन्तै उल्लेखनीय धारणा छ जसमा क्रूसपछि परमेश्वरलाई विश्वास गरेर उहाँकव करारमा बस्नेहरूको चरित्रलाई उजागर गरिएको छ। न त यहूदी न त ग्रीक अर्थात् अयहूदी, न त दास न त फुक्का वा मालिक, न त पुरूष न त स्त्री हुन्छ तर सबै समान छन् भनेर पावलले कुन् सन्दर्भमा उल्लेख गरेका थिए? हेर्नुहोस्, "२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"**

कतिपय समयमा हिब्रू ४लाई हप्ताको सातौं दिन साबथलाई पालन गर्न जोड दिएको छ भनेर त्यसलाई प्रयोग गरिएको छ भने कतिपयले साबथ विश्रामको गरिमाको निरन्तरतालाई चुनौति दिएको छ। यस्ता मानिसहरूले यो सिकाउँदछन् कि अन्तको समयमा विश्राम हुनेछ। तर दुवै धारणाहरूले बाइबलले के भन्न खोजेको छ सोको प्रतिविम्बित गरेको छैन। बरू अन्तको समयमा परमेश्वरको विशेष विश्रामको उपस्थिति जनाइएको छ जुन सृष्टिको सुरुदेखि नै थियो र हप्ता हप्तामा आउने साबथ विश्रामको उत्सबले युगको अन्तमा हुने विश्रामको अलिकतिमात्र स्वाद हो भनेर हिब्रूको त्यस अंशले आभास् दिन्छ। हो, यहूदीहरूले साप्ताहिक साबथ केवल "ओलामहाबा olambhaba" अर्थात् आउने संसारको स्वाद दिलाउने अनुभव हो बुझ्दछन्।

परमेश्वरका जनहरूको निम्ति साबथ खालको विश्राम बाँकि नै भएको भन्ने धारणाले पृथ्वीको इतिहासको सुरुमा भएरको परमेश्वरले विश्राम लिनुभएको पहिलो साबथको प्रतिध्वनी गर्दछ। त्यसको अर्थ हामीले मुक्ति

पाउने आशामा गरिने हाम्रै धर्मकर्मलाई रोकेर परमेश्वरमाथि नै विश्वास र भरोसा राख्दै उहाँले उपलब्ध गराउनुभएको मुक्तिको प्रतिज्ञालाई हाम्रो जीवनमा पूरा भएको छ भनेर अनुभूति पाउनु हो।

कतिपय इसाईहरूले यो दावी गर्दछन् र सिकाउँदछन् कि येशूमा मुक्तिको विश्राम पाएकोले दश आज्ञामा लेखिएको साबथ त्यसैमा पूरा भयो र इसाईहरूले अब साप्ताहिक साबथलाई पालन गर्नु आवश्यक छैन। तर हिब्रूको उक्त अंशले त्यस धारणालाई समर्थन गर्दैन। येशूले उहाँको कार्यबाट दिइने अन्तिम विश्रामको प्रतिज्ञाले बाइबलमा दिएको सातौं दिन साबथलाई निलम्बन गर्दैन बरु त्यसको विपरित यसको गरिमा उचाल्दछ।

आफ्नै खुट्टामा उभिने, आफ्नो विकास आफैले गर्ने, कसैको सहायता बिना आफू आफू बन्ने, कामै काम  गरेर काममामात्र व्यस्तहुने भनेर सिकाउने आजको  संसारमा येशूमा विश्राम लिनु उहाँको अनुग्रह नै हाम्रो मुक्तिको लागि काफी छ र उहाँले नै हामीलाई परिवर्तन गर्नुहुन्छ भन्ने भन्ने धारणा नौलोमात्र होइन अमान्य पनि छ।

**कतिपय मानिसहरू आफ्ना पापहरू ठूलो र गम्भिर छन्, आफ्ना हृदयहरू परिवर्तन गर्न सकिंदैन र आफ्ना मामिलाहरू साँच्चिक्कै निराश छन् भनेर दिक्क लागेर बस्छन्। तिनीहरूलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ? तिनीहरूलाई सान्त्वना र उचाल्न बाइबलका के पदहरू छन् जुन तपाईंले सुनाउन सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "हामीहरूका दुःखकष्ट र कठिन परिस्थितिहरू लिएर येशूकहाँ आउने हामी सधैं चाहना गर्दैनौं। कतिपय समयमा हाम्रा मानवीय दुःखकष्टहरू मानिसहरूका कानमा सुनाउँछौं र हामीलाई सहायता  गर्न नसक्नेहरूलाई हाम्रो दुःख पोखाउँछौं र येशूलाई भित्रिहृदयदेखि हाम्रो शोक पोखाउन वेवास्ता गर्छौं। हाम्रा दिग्दारीपना र दुःखको बाटोलाई परिवर्तन गरि आनन्द र शान्तिको बाटोमा राख्न सक्नुहुने येशूतिर हाम्रो ध्यान कतिपयसमयमा कमै भएको हुन्छ। स्वार्थ-त्याग र स्वत्यागले क्रूसको महिमा र बिजय प्रकट गर्दछ। परमेश्वरका प्रतिज्ञाहरू अत्यन्तै मूल्यवान छन्। यदि उहाँको चाहना हामीले थाहा पाउन चाहन्छौं भन  उहाँको वचन हामीले अध्ययन गर्नैपर्छ। परमेश्वरको प्रेरणादायी वचनहरू लगनशील भएर अध्ययन गऱ्यौं र व्यवहारिकरूपमा पालन गऱ्यौं भने हाम्रा पाऊहरू समथर मार्गमा हिंड्न सक्दछन् जहाँ कुनै ठेस नखाइ हिंड्न सक्छौं। ओहो, सबै पास्टरहरू र येशूभक्तहरूले तिनीहरूका बोझहरू र हैरान

तथा जटिल समस्याहरू येशूकहाँ ल्याए तिनीहरूको कस्तो भलो हुनेथियो! तिनीहरूलाई ग्रहण गर्न उहाँ पर्खिरहनुभएको छ र उहाँले शान्ति र विश्राम दिन पनि उहाँ आतुरी हुनुभएको छ! उहाँमाथि विश्वास र भरोसा राख्नेलाई उहाँले कहिल्यै पनि त्याग्नुहुन्न।"-एलेन जी ह्वाइट, *द साइनस् अभ द टाइम्स,* मार्च १७, १८८७, पृ. १६१बाट रूपान्तरित।

"प्रिय युवाहरू, के तपाईंहरू त्यस हर्षपूर्ण आशा र अपेक्षाको समयतिर हेर्न आतुरी गर्नुभएको छ जब तपाईहरूको धार्मिक न्यायकर्ताले तपाईंहरूका नाउँहरू परमेश्वर पिता र पवित्र स्वर्ददूतहरूको सामु पेश गर्नुहुनेछ? येशू ख्रीष्टको दोस्रो आगमनको निम्ति पर्खेर बस्ने सर्वोत्तम तयारी नै उहाँको पहिलो आगमनबाट हामीलाई ल्याइएको महान् मुक्तिमाथिको आस्थामा अडिग भएर बस्न सक्नु हो। येशू ख्रीष्टलाई तपाईंको व्यक्तिगत मुक्तिदाता भनेर विश्वास गर्नैपर्छ।"-एलेन जी ह्वाइट, *आवर हाइ कलिङ्ग,* पृ. ३६८बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. सेभेन्थ-डे साबथको विशेषता के छ जसले परमेश्वरका जनहरूको निम्ति स्वगमा पाइने विश्रामलाई अगाडि नै चित्रण गर्दछ? अर्थात् साबथको विश्रामले अनन्त जीवनको स्वाद कसरी दिँदछ?**

**आ. प्रायश्चितको समय भनेको परमेश्वरसँग मेलमिलाप गरिएको र उहाँतिर फर्केको भनेर जनाउँछ। रोमी ५:११मा व्यक्त गरेको महत्त्वपूर्ण कथनलाई सोच्नुहोस्, "यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।" यदि कसैले तपाईंलाई यो सोध्यो रे "परमेश्वरसँग मिल्नु भनेको के हो र उहाँसँग मिलेर तपाईंको जीवनमा के भिन्नता आयो" तपाईंले कस्तो जवाफ दिनसक्नुहुन्छ?**

**इ. सानोतिनो कुरालाई ठूलो ठूलो बनाउने येशूभक्तको जीवनबाट हामी कसरी जोगिने? परमेश्वरको वचनमा देखाइएको बृहत चित्रतिर ध्यान दिइरहनुबाट हामीलाई के ले रोकिरहेको छ?**

**ई. इस्राएलीहरूले उजाड स्थानमा गरेका विभिन्न गल्तीहरू र विश्वासघातहरूको बारेमा फेरि सोच्नुहोस्। तिनीहरूको परिवेश हाम्रो भन्दा फरक छ नै तर के साझा नीतिहरू त्यहाँ छन्? अर्थात् हाम्रो इसाई जीवनमा तिनीहरूले सामना गरेका चुनौतीहरू के के छन् र तिनीहरूले गरेका भूलहरूबाट हामीले के सिक्न सक्छौं?**

## कथा ११
## बिर्सिदिएको क्रोध वा रिसइबी
## जिम्मी श्वी, ५१, अमेरिकामा रहेको शरणार्थी



तपाईं ७ वर्षको हुनुहुन्छ र तपाईंको जीवन जङ्गलमै घुमीफिरी बिताइरहनुभएको छ रे! त्यस्तो जीवन कस्तो होला के सोच्न सक्नुहुन्छ? त्यस जीवनले तपाईंलाई कस्तो प्रभाव पार्छ होला?

जिम्मी स्वीको जीवन त्यस्तै थियो। जिम्मी, दक्षिणपूर्व एशियाको म्यानमार देशमा रहन्थ्यो। त्यो देशलाई पहिले बर्मा भनेर चिनिन्थ्यो। सानैदेखि जिम्मी ठूलावडाहरूसँग गहिरो रिस राख्न सिकेको थियो। उसलाई नियन्त्रण गर्न चाहने सरकारी मानिसहरूलाई देखेर आफ्नै अनुभवको कारण तिनीहरूप्रति क्रुद्ध भएको थियो। एक फेरा ऊ जङ्गलमै हरायो र अब मर्ने होला भनेर उसले सोचेको थियो।

यदि आफू बाँच्न चाहन्छ भने सरकार विद्रोही हतियारले सुसज्जित भुमिगत विद्रोह अभियानसँग सामेल हुन उसले निर्णय गरेको थियो। त्यसरी सरकार वा आफूमाथि हुकुम चलाउने अधिकारवालाहरूसँग बदला लिन सक्ने उसले ठानेको थियो। जङ्गलमा घुम्दा जिम्मी हराएकोले जिउनको निम्ति ऊ विद्रोहीसँग सामेल हुन पुगेको थियो। दुई वर्षसम्म जिम्मी परिवारसँग अलग भएको थियो। दुई वर्षपछि जिम्मीले आफ्नो बुबा थाइल्यान्डको शरणार्थी शिविरमा भेट्यो। बाबु छोराको पुनर्मिलनमा खुशी त भएको थियो तर जिम्मीको विद्रोही पारा बाबुलाई मन परेन। हतियार उठाएर सरकारसँग लड्नु ठिक छैन भन्ने बुबाको धारणा थियो। बरु, जिम्मी पास्टर भएर मानिसहरूलाई परमेश्वरको प्रेमको बारेमा सुनाउन र तिनीहरूलाई अनन्त जीवनतिर डोऱ्याउन खोज्नुपर्छ भन्ने सल्लाह बाबुले दिए।

तर सरकारसँग गहिरो रिस र प्रतिशोधको भावनाले जिम्मीको दिमाग उकुसमुकुस भएको थियो। आफ्नो बुबा शरणार्थी शिविरमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा सरिक हुँदा उनको चेहरामा आनन्द र शान्ति छाएको जिम्मीले देखेको थियो। ख्रीष्ट र सैतानको बीचमा भइरहेको द्वन्द्वको बारेमा उसले बाइबलमा पढ्यो। आफ्नो बुबा ठिक भएको उसले महसुस गऱ्यो र

उसमाथि अन्याय गर्नेलाई क्षमा दिने निर्णय उसले गऱ्यो। जिम्मी सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर पनि भयो र पछि उनी अमेरिकामा बसोबास गर्न पनि पुगे।

थाइल्यान्डको शरणार्थी शिविरहरूमा रहेका म्यानमारका धेरै परिवारहरू अमेरिकाभरि छरिएको जिम्मीले थाहा पाए। तिनीहरूमध्ये धेरैजसोले अमेरिकामा सेभेन्थ-डे एडभेन्टिस्टहरू खोज्न थालेका थिए। जब चर्च भेट्टाए तब चर्चमा भएका कार्यक्रमहरूमा तिनीहरूले भाग लिन सकेका थिएनन् किनकि तिनीहरूले चाहिनेमात्रा अङ्ग्रेजी पनि बुझेका थिएनन्। त्यसकारण तिनीहरू निराश भइरहेका थिए।

ती मानिसहरूलाई भेटेर तिनीहरूको विश्वासमा हौशला दिन जिम्मीले चाहेका थिए। ती शरणार्थीहरू सानो सानो झुण्डमा विभाजित गराएर आफ्नै भाषामा परमेश्वरको आराधना स्तुति गर्न जिम्मीले सघाउन चाहेका थिए।

धेरै प्रार्थना र प्रयासपछि जिम्मीले तीनवटा चर्चहरू स्थापना गरे। तर परिवारलाई पाल्न उनले दिनभरी काम गर्नुपरेको थियो। अमेरिकाको विभिन्न राज्यहरूमा म्यानमारबाट आएका २००० करेन एडभेन्टिस्ट शरणार्थीहरू छरिएका थिए। तिनीहरू सबैकहाँ जान जिम्मीसँग समय र पैसाको अभाव थियो।

"तर परमेश्वरलाई मेरो हृदय र आवश्यकता थाहा थियो," जिम्मी स्वीले सुनाए। जिम्मी अहिले क्यारोलिन कन्फरेन्समा पास्टरको रूपमा सेवाकार्य गर्छन्। उत्तर अमेरिकी डिभिजनको एडभेन्टिस्ट शरणार्थी र आप्रवासीहरूलाई सरसल्लाह दिने र करेन चर्च स्थापना गर्ने नियोगमा जिम्मी हाल कार्यरत छन्। "परमेश्वरले मलाई सधैं अगुवाइ गरिरहनुभएको थियो र मेरो लागि उहाँसँग योजना थियो," जिम्मीले थपे।

*(सन २०११मा सङ्कलन गरिएको तेऱ्हौं साबथको भेटीले अमेरिकामा रहेको शरणार्थीहरूलाई सहयोग गरेको थियो। यही भेटीले अमेरिका र क्यानाडामा छरिएका शरणार्थीहरू भएको ठाउँमा यात्रा गर्न जिम्मीलाई सहयोग मिलेको थियो। आआफ्नै भाषामा विश्वासी समूहहरू खडा गरेर समाजमा सेवा गर्न जिम्मीले सहयोग गरेका थिए। उनको प्रयासले विगत दशकमा अमेरिका र क्यानाडामा ५५ वटा करेन चर्चहरू स्थापना भएका थिए। यी सबै किन सम्भव भए भन्दा, चर्चका विश्वासीहरू र जिम्मी जस्तो अरूहरूले आआफ्नो हृदयहरूलाई परमेश्वरलाई सुम्पेर विद्रोहको सट्टा उहाँको प्रेम र क्षमालाई ठाउँ दिएका थिए)।*

**लेखिकाः टेरी सेली**